‘समृद्ध तेह्रथुमका लागि अभियान’ द्वारा प्रकाशित

दर्ता नं. ४ ३१-०६८/०६९

# उत्तरदायी व्यवसाय

रेडियो तेह्रथुम ९२.४ मेघाहर्ज

साप्ताहिक बुलेटिन

मिति : २०७४ पौष १७ गते सोमबार (जनवरी १, २०१८) वर्ष : १ अंक : १



## ‘सम्पादकीय’

संचारको क्षेत्रवाट सचेतनाका क्रियाकलापहरुलाई संस्थागत गरी आम-नागिरकहरुको चौतर्फी विकास गर्ने अभिप्रायले २०६८ सालमा “संमृद्ध तेह्रथुमकालागि अभियान“ नामक संस्था स्थापना गरिएको हो । संस्थाले लिएका उदेश्य अनुरुपका गतिविधि अघि बढाउन रेडियो तेह्रथुम, ९२.४ मेगाहर्ज सन्चालनमा रहेको छ ।

हाल संस्थाले उत्तरदायी व्यवसाय बनाउनका लागि कृषक तथा सर्वसाधारण जनताहरुलाई **प्रमाणमा आधारित पैरवी तथा वहस** को माध्यमवाट नेपाल सरकारले नीतिगत रुपमा सुधार गराउने लक्ष्य राखी यो उत्तरदायी व्यवसाय बुलेटिन प्रकाशन गर्न लागिएको छ । यही वहस र पैरवीको कार्यलाई रेडियोको माध्यमवाट संचार गराउन Advocacy for Rights and Good Corporate Governance (UNNATI-Includive Growth programme in Nepal परियोजना डेनमार्क सरकारको आर्थिक सहयोग तथा नेपाल सरकार कृषि विकास मन्त्रालयसँगको सहकार्यमा अन्तराष्ट्रिय श्रम संगठन, नेपाल (ILO Nepal) को सहयोगमा (http://advocacychallengefund.org/) संचालनमा रहेको छ ।

यो परीयोजना नेपालका पुर्वी जिल्लाहरु तेह्रथुम, पाँचथर, इलाम, ताप्लेजुङ, धनकुटा, संखुवासभा र भोजपुरमा सञ्चालित छ । यी जिल्लाहरुमा कृषि क्षेत्रका अदुवा, अलैंची, चिया र दुग्धजन्य उत्पादनको क्षेत्रमा प्रमाणमा आधारीत पैरवी तथा वहस कार्यक्रम संचालन भइरहेको छ ।

यसै सन्दर्भमा १५ जुन, २०१७ देखि संमृद्ध तेह्रथुमका लागि अभियानद्धारा संचालित रेडियो तेह्रथुम ९२.४ मेघाहर्जबाट **विश्वासनीय र भरपर्दो तरीकाले उच्च स्तरको जानकारीका माध्यमवाट सार्वजनिक सचेतना उपलब्ध गराउने (Achievement of high level of public awareness through credible and reliable information dissemination)** शीर्षकको परियोजनाको कार्यक्रम संचालन भइरहेको छ । ती जिल्लामा अदुवा, अलैंची, चिया र दुग्धजन्य उत्पादनको प्रशस्त सम्भावना र अवसर रहेको हुँदा परियोजनाले उत्तरदायी व्यवसायको लागि काम गराएर अभ्यासमा लैजान सके फाइदा पुग्ने भएकाले प्रत्येक कृषक, मजदुर, व्यापारी तथा सर्वसाधारण जनताको पहुचमा प्रचार प्रशार गर्ने गरी स्थानीय रेडियोको माध्यमवाट समुदायस्तरमा पुग्ने कार्य भएको छ ।



*संस्थाका अध्यक्ष महेन्द्रप्रसाद काफ्लेलाई परियोजना सम्झौता-पत्र प्रदान गर्दै*

## नेपालमा अदुवा खेतीका चुनौती र अवसर

अदुवा वाली हाम्रो देशको एक नगदे बाली हो । नेपालमा अदुवा खेती परापुर्व कालदेखि गरिएको भएतापनि व्यवसायिक रुपमा यसको उत्पादन विगत डेढ दशक देखि सुरु भएको मानिन्छ । यस बालीको खेती प्रायः सबै मध्यपहाडी जिल्लाहरुमा हुने गरेको छ । कृषकहरूले उन्नत खेती प्रविधि, भण्डारण तथा प्रशोधन सम्बन्धी ज्ञान तथा सीपको प्रर्याप्त जानकारी नहुँदा परम्परागत खेती प्रविधि अपनाएका छन् । साथै बजार व्यवस्थापनको अभावले अदुवाले उचित मूल्य पाउन सकिरहेको छैन । जसले गर्दा यसको खेतीबाट कृषकहरूले लिन सक्ने जति फाइदा लिन सकिरहेका छैनन् ।

यदि यस बालीमा देखिएका सबै खाले समस्याहरू निराकरण गर्ने उपाय सोच्ने हो भने अदुवा खेती नेपालको आम्दानीको राम्रो स्रोत बन्न सक्ने ठहर गरी यस अवस्थालाई ध्यान दिई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु अदुवा उत्पादन तथा बजार व्यवस्थापनको कार्यमा जुटिरहेको छन् । नेपालमा उत्पादन हुने नगदे बाली मध्ये अदुवा खेतीको महत्वपुर्ण योगदान रहेको छ । अदुवा खेतीले नेपालको गरिवी न्यूनीकरणमा महत्वपुर्ण योगदान पुऱ्याएको छ ।

वि.स. २०६२ सालमा अदुवाको क्षेत्रमा देखिएका समस्या समाधानका लागि व्यवासायीहरुले किसानलाई समेत गोलबद्ध गर्दै नेपाल अदुवा उत्पादक तथा व्यवसायी संघ गठन गरेका छन् । किसान र व्यवसायीहरुको हितका लागि सो संघको स्थापना पश्चात् हाल १५ जिल्लाहरुमा शाखाहरु गठन क्रियाशील छन् । नेपालको अदुवा शुद्ध र गुणस्तरीय रहेको छ । यसलाई अझ व्यवस्थित गर्न कृषक तथा श्रमिकहरुलाई प्रचार प्रसारको माध्यमबाट उत्तरदायी व्यवसाय सिर्जना गराउनका लागि कृषक र कृषि क्षेत्रबाटै सुरुवात गर्नुपर्ने खाँचो रहेको छ । सोही कुराको बढी भन्दा बढी प्रचार प्रसारका लागि हामीले अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा रेडियोको माध्यमबाट विभिन्न कार्यक्रमहरु उत्पादन गरी प्रशारण भइरहेको छ । यसले कृषकहरुको संगठनको माध्यमबाट नेपाल सरकारलाई नीतिगत रुपमा सुधार गर्नका लागि अभिप्रेरित गराई सुधार गराउनेछ ।

सल्लाह सुझाव र प्रतिक्रियाका लागि इमेल : samridhattm@gmail.com, radioterhathum@gmail.com, lmishra745@gmail.com

# उत्तरदायी व्यवसाय



परियोजनाले **प्रमाणमा आधारित पैरवी तथा वहस** (Evidence Based lobby & advocacy) **कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा** (Occupational Safety and health-OHS), **जिम्बेवार व्यवसाय अभ्यास** (Responsible Business Practice), **श्रम सम्बन्धि बहुराष्ट्रिय घोषणा** (Multinational Enterprise Development-MNE), **संयुक्त राष्ट्रसंघको विश्व सन्निकटताको सिद्धान्त** (UN Global Compact Agenda), संग सम्बन्धित विषयको वारेमा रेडियो कार्यक्रम '**उन्नति सम्वाद**'को माध्यमवाट नीतिगत विषयमा सम्बन्धित सरोकारवालालाई जवाफदेही वनाउने काम गरिरहेको छ । यस्तै गरेर रेडियो कार्यक्रम '**मजदुर सरोकार**' मार्फत कृषक तथा श्रमिकको आवाज, कृषि श्रेत्रको वर्तमान अवस्था सवाल तथा समस्याहरु र यी क्षेत्रमा भएका अवसरको बारेमा उजागर गराउने कार्य गरिरहेको छ । जुन विषयहरुमा उत्तरदायी व्यवसायको लागि प्रत्येक कृषक तथा सर्वसाधारणको पँहुच भएको र घर-घरमा सञ्चार पुग्ने साधन रेडियो भएकाले प्रत्येकले रेडियो सुन्न र बुझ्न सक्छन् ।

यसरी संचालन गरिएका कार्यक्रमले समेटेका कृषि क्षेत्रमा काम गर्ने कृषक लगायत सवै क्षेत्रका मजदुर श्रमिक व्यपारी तथा रोजगार दाताहरु समेतलाई श्रम सिद्धान्त तथा उत्तरदायी व्यवसायको विषयमा विषयमा जानकार वनाई समावेशी आर्थिक विकासमा सहयोग पुऱ्याउने र 'उत्तरदायी व्यवसाय' नामक साप्ताहिक बुलेटिन प्रस्तुत गरेका छौं । यस अंकमा अदुवा खेतीसँग सम्बन्धित सामाग्रीहरु प्रकाशन गरिएको छ ।

**संस्थाको लक्ष्य (GOALS) :-**

✍ समुदाय स्तरमा सञ्चार प्रवाहको माध्यमवाट शशक्तीकरण गरी नागरिकहरुको जीवन शैलीमा ल्याई समतामुलक समाज निर्माणमा सहयोग पुऱ्याउने ।

**संस्थाका दृष्टिकोणहरु (VISION) :-**

✍ राज्यद्धारा कार्यान्वयन भएका नीतिगत विषय र सरकारी निकायबाट प्रवाह भएका सेवा सुविधाको वारेमा नागरिकहरुलाई सुसुचित गराई समुदायस्तमा भएका सवालहरुको वारेमा रेडियोको माध्यमद्धारा आम सुन्ने नागरिकहरुलाई सुसुचित गराइ जवाफदेही बनाउने ।

**संस्थाका रणनीतिहरु (MISSION) :-**

✍ राज्यका कानुनी तथा नीतिगत प्रावधानको वारेमा नागरिकलाई सुसुचित गराउने र सुचना सम्प्रेषण गर्ने । सरकारद्धारा नागरिकहरुलाई प्रवाह गर्ने सेवा सुविधा र कार्यान्वयनको विषयमा सुसुचित गराउने र सुचना सम्प्रेषण गर्ने । सञ्चालित विकास निर्माणमा नागरिक तथा उपभोक्ताको सहभागिता र जवाफदेहीता र उपलव्धिको विषयमा सुचना सम्प्रेषण गर्ने । समुदायस्तरमा घटेका घटनाहरु तथा सवाल चुनौतीका विषयमा सुचना सम्प्रेषण गराई नागरिक र श्रोताहरुलाई सुसुचित गरी सशक्तिकरणको माध्यमवाट समतामुलक समाज निर्माण गर्ने ।



*अदुवा गोडमेल गर्दै जलजलेका किसान बलबहादुर पयाङ्गो ।*

**✍ नेपालमा अदुवा उत्पादन तथा बजार प्रवर्द्धनका चुनौतीहरु**

- विशेषतामा आधारित (speciality) बजार माग र कृषि पर्यावरणीय क्षेत्र सुहाउंदो अदुवा जात पहिचान हुन नसकेको ।
- परम्परागत खेती प्रणाली र यस अन्तर्गत रहेको प्राङ्गारिक विशेषताको पहिचानका आधारमा बजारिकरण हुन नसकेको ।
- वीऊ छनौट, उत्पादन र भण्डारणमा कमजोरी तथा कृषकस्तरमा रोग, कीरा र वाली व्यवस्थापन संबन्धी ज्ञानको कमी ।
- न्यून वाली उत्पादकत्व र प्राविधिक सेवाको कमी ।

**✍ गुणस्तरीय उत्पादन तयारी र आपूर्तिमा देखिएका समस्याहरु :-**

- उत्पादक तथा व्यापारीमा गुणस्तरयुक्त आपूर्ति तयारीमा चासो कम हुनु ।
- बजार पात्रहरुमा विद्यमान बजार आचरण सम्बन्धी कमजोरी रहनु ।
- रेसाविहिन अदुवा जातको अभाव तथा कमजोर पोष्ट हार्भेष्ट व्यवस्थापन प्रणाली हुनु ।
- अदुवा आपूर्तिको विशेषता र आपूर्ति अनुसारको बजार पहिचान नहुनु ।
- उत्पादक-व्यापारी बीच संगठित व्यवसायको कमी हुनु ।
- बजार संरचनाको अभाव (सडक, संकलन केन्द्र, प्रशोधन, भण्डारण, फ्युमिगेसन र गुणस्तर प्रमाणिकरण)
- बहिर-कानूनी खर्च तथा स्थानीय तहको दोहोरो कर प्रणालीका कारण बजारीकरणमा वस्तु प्रशारण खर्च (commodity transfer cost) अधिक हुनु ।
- अदुवाको मूल्य अस्थिरता (volatility of ginger prices)
- भारत सरकारले आफ्नो देशमा बदी उत्पादन हुँदा नेपालको अदुवा निकासी हुन नदिनु
- २०६१ सालमा क्वारेन्टाईनको बाहानामा प्रतिबन्ध लगाइयो ।
- २०७३ भदौमा नेपालबाट भारत निकासी भएको अदुवामा प्रतिबन्धीत विषादी अल्डीकार्पको अवशेष फेलापरेको भन्दै प्रतिबन्धित ।
- २०७३ असोजमा फुड सेफ्टी एण्ड स्ट्यान्डर्ड अठोरिटी अफ इन्डियाले सुचना जारी गर्दै आयात गर्ने अदुवाको अग्रिम परिणाम खुलाई ८% राजस्व बुझाउनुपर्ने भनेपछी फेरी निकासी प्रभावित ।
- २०७४ श्रावणमा भारतिय सरकारले जि.एस.टी लागु गरेपछि सफ्टवेयर को समस्याको बाहानामा निकासी प्रभावित ।
- जबरजस्ती फेस जिन्जर एच एस कोडको बदला जिन्जर एच एस कोडमा मात्र निर्यात गर्न बाध्य गराई ५% भन्सार शुल्क असुल्दै निकासी प्रभावित ।

**बाल श्रमको अन्त्य गरौं । बाल अधिकार संरक्षण गरौं । श्रम ऐन, २०७४ ले बाल श्रमलाई पुर्ण रुपमा निषेध गरेको छ ।**

# नेपालमा अदुवा खेतीका क्षेत्रमा देखिएका अवसरहरु

माथि उल्लेखित समस्याहरुको बाबजुद हाम्रा निम्न अवसरहरुलाई उपयोग गर्दै नीतिगत तहमा सुधार गर्नका लागि बहस र पैरवी गर्नु आवश्यक छ । यसकारण कृषकस्तरदेखि जवाफदेही व्यवसाय सञ्चालन भई देशको आर्थिक सुशासन कायम गर्न सहयोग पुग्नेछ ।

- भिरालो भौगोलिक बनावट उपयोग गर्न सकिने
- विशिष्ठ हावापानी (गुणस्तर)
- कम लगानी र स्याहार सम्भारमा खेति गर्न सकिने
- आन्तरिक तथा बाह्य बजार
- उत्कृष्ट मूल्य
- अदुवा क्षेत्र र उत्पादन वृद्धिको प्रचूर सम्भावना रहेका
- नेपालमा व्यापक कृषि पर्यावरणीय क्षेत्रहरुमा अनुकूल देखिएको
- अन्तराष्ट्रिय बजारमा नेपालि अदुवाको माग बढदो,
- जैविक अदुवाबाली उत्पादनका लागि उपयुक्त जमिन र हावापानीको प्रर्याप्तता,
- कृषकहरु जैविक अदुवा बाली खेतिका लागी उत्साहित रहेको,
- विभिन्न सरकारी तथा गैरसरकारी सघं सस्थाबाट अदुवाबालीमा काम गर्न उत्साहित,
- कृषक समुदायमा आय आर्जनका लागि प्रवल सम्भावना रहेको
- उत्पादन प्रवर्द्धनका विविध प्रयासहरु संचालनमा आएका
- ताजा, सूठो, सुकाएको चाना, धुलो र अन्य प्रशोधित अदुवाका लागि अन्तराष्ट्रिय बजार (visible niche markets) सम्भाव्यता देखिएको ।

- पोष्ट हार्भेष्ट, मूल्य अभिवृद्धि र व्यपार प्रवर्द्धनका विविध प्रयासहरु संचालनमा आएको ।
- पूर्वाधार निर्माणका कार्यहरु संचालनमा आएका
- उत्पादन तथा व्यपारका लागि आन्तरिक संजाल निर्माण हुँदै गरेको
- नीतिगत रुपमा निर्यातमूलक कृषि वस्तुको रुपमा स्थापित
- उत्पादन विविधीकरण/ बजार विविधिकरणको फराकिलो दायरा
- अन्तरबालीको रुपमा मकै, सिमी तथा तरकारीबालीहरुमा खेति गरी धेरै मुनाफा लिन सकिने ।
- आर्युवेदिक क्षेत्रमा यसको माग दिनप्रतिदिन बढ्दै जानु ।
- नयाँ तथा बढि उत्पादन दिने जातहरुको अनुसन्धानमा बृद्धि हुन थालेको ।
- विभिन्न प्रकारका बस्तु विविधिकरण (जाम जेली, क्याण्डी, ससेस) value addition गर्न सकिने संभावना प्रचुर रहेको ।
- सरकारले अदुवालाई बढि मूल्य जाने बाली (High Value Crop) तथा निर्यातयोग्य बालीको रुपमा लिई प्राथमिकतामा राखेको ।




Government of Nepal
Ministry of Agricultural Development

Nepal-Denmark Development Cooperation
UNNATI | INCLUSIVE GROWTH PROGRAMME IN NEPAL

International Labour Organization

सल्लाह सुझाव र प्रतिक्रियाका लागि इमेल : samridhattm@gmail.com, radioterhathum@gmail.com, lmishra745@gmail.com

# अदुवामा विषादी प्रयोगले मानव स्वास्थ्यमा असर

✍ दिपक खनाल

तेह्रथुमको फेदाप गाउँपालिका-३, जलजलेका दयाराम भट्टराई (५५) एसएलसी सम्मको पढाई पछि ०४५ सालमा संस्कृति पढ्नका लागि वनारस छिरे । पंण्डित्याँई विद्या सिक्न गएका उनले त्यहाँ जाँदा-आउँदा सिक्किम, दार्जिलिङ घुम्ने मौका पाए ।

त्यहाँको जनजीवन र जीवनशैली पनि देखे । तर उनलाई आफुले पढेको संस्कृत विद्या र पंण्डित्याई कार्य भन्दा त्यहाँको व्यवसायिक खेती र जीवनशैलीले प्रभावित पाऱ्यो । ०४२-४३ बाटै गाउँमा खेती सुरु भएको अदुवाको दार्जिलिङबासीले गरेको व्यवसायिक खेती देखेपछि भट्टराईले गाउँ फर्किएर अदुवाको खेतीमा लाग्न अभियान चलाए । संस्कृत पढेर जजमानि गर्दै पण्डित भएर गाउँ पस्नुपर्ने दयारामले गाउँ फर्किएर अदुवाको व्यवसायिक खेती थाले । सुरुमा आफुले र सँग-सँगै छिमेकीहरुलाई पनि अदुवाको व्यवसायिक खेतीमा लाग्न सुझाए ।

०५१ सालतिर गाउँका धेरैले अदुवा रोपिसकेका थिए । जान्ने बुझ्नेले व्यवसायिक रुपमै अदुवाको खेती लगाउन थालेका थिए । परम्परागत बालीभन्दा बढी आम्दानी दिने भएपछि भट्टराई अदुवामै व्यवसायिक बने । ०५२ सालमै आफुले ९० हजार रुपैयाँको अदुवा बेचेको भट्टराईले सुनाउँछन् ।

उनले त्यसयता निरन्तर अदुवाको खेती लगाउँदै आएका छन् । तर ०५४ सालपछि अदुवाको बजार झण्डै एक दशकसम्म निरन्तर ओरालो लागेको थियो । त्यस पछि ०६१ सालमा नै आफुले अदुवा १ सय १० रुपैयाँ प्रति केजीले बेचेर सो वर्ष उनले अदुवावाट १ लाख रुपैयाँ आम्दानी गरेको बताए ।

त्यसयता उनले हरेक वर्ष कम्तिमा ३०-४० हजारदेखि डेढ लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । ०७० सालपछि फेरि अदुवाले बजार पाउन छाडेको उनी बताउँछन् । गाउँ-गाउँमा अधिक मात्रामा उत्पादन हुन थालेपछि ०७१ सालमा अदुवाको मुल्य पुन: ३-४ रुपैयाँमा झरेको थियो । सो वर्ष धेरैले अदुवा बारीमै राख्दा-राख्दै कुहिएको भट्टराई बताउँछन् । त्यसयता भट्टराईले अदुवाको बजार पर्खिएर लागेको रोगबारे प्राविधिकको परामर्श बिनै निजी एग्रोभेटबाट विषादी किनेर प्रयोग गर्छन्। ०५१ सालयता अहिलेसम्म निरन्तर अदुवाको खेती लगाउँदै आएका भट्टराई गाउँमा अदुवा विशेषज्ञ जस्तै हुन् । गाउँमा उनलाई अदुवा खेतीका अभियन्ताको रुपमा समेत चिन्छन् । उनको अभियान अहिले सफल पनि भएको छ । जलजले गाउँका झण्डै पाँच सय बढी घरधुरीले अहिले अदुवाको खेती लगाउँछन् ।

गाउँमा अदुवासहित कृषि कर्ममै लागौँ भनेर 'रुखो, पाखो बज्याँऔँ, एक पटक श्रम देऊ, भन्दै अभियान थालेका भट्टराईको गाउँमा अहिले सवै व्यवसायिक भएका छन् तर केही वर्षयता अदुवामा रोगको संक्रमण बढेको छ । अदुवाको गानो कुहिने र उमेर नै नपुगी अदुवा वारीमा नै सुकेर जाने रोगले सताएको छ । यसले गर्दा अदुवा उत्पादन कमी आएको छ । अदुवाको गुणस्तर पनि खस्कँदो अवस्थामा रहेको छ जुन स्तरको अदुवाको गानो उत्पादन हुनु पर्ने हो, सो अनुसार हुन छोडेको छ ।

यसरी उत्पादनमा नै कमी हुन थाले पछि अदुवाको विउमा नै विषदि लगाएर उपचार गरि रोप्न थालियो । यसले पनि नभए पछी आज भोलि त अदुवा वारीमा प्राय कृषकले विषदि हान्ने गरेका छन् उनले भने । अझ कुनै कुनै कृषक साथिहरुले त माटोको उपचार गर्ने नाममा वारीमा मालाथिन लगायतका विषादी वारीमा लगाउने, कृषि चुन लगायत घरेलु मल भन्दा वढी राषायनिक मल प्रयोग गर्ने गरेका छन् । यसले नेपाली अदुवाको गुणस्तर घटेको भट्टराई बताउँछन् । गुणस्तर घटेपछि अन्तराष्ट्रिय बजारमा अदुवाको माग घटेको उनको बुझाई छ ।

यहाँका किसानले अदुवामा लागेको रोगबारे प्राविधिकको परामर्श बिनै निजी एग्रोभेटबाट विषादी किनेर प्रयोग गर्ने गरेका थिए । तर अहिले रेडियो कार्यक्रम उन्नति संवाद सुन्न थालेपछि र विभिन्न तालिमहरु सहभागी हुने अवसर पाएपछि किसानले त्यस्ता विषादी प्रयोग गर्न छाडेका किसान भट्टराईले बताए । हाल विषादी कम गराउने राष्ट्रसंघीय सन्निकटताका सिद्धान्तको अवधारणा बमोजिम किसानहरुले पनि बिषादी कम गराउँदै उत्तरदायी व्यवसायिक बातावरण सिर्जना गर्न किसानको स्तरबाटै थाल्नुपर्छ भन्ने रेडियो कार्यक्रमबाट किसानहरुले जानकारी पाएको अदुवा किसान भट्टराईले बताए ।

## साढे चार करोड बढीको अदुवा निर्यात

तेह्रथुम । तेह्रथुमबाट आर्थिक वर्ष २०७३/०७४ मा साढे चार करोड बढीको अदुवा जिल्लाबाहिर निर्यात भएको छ । जिल्ला कृषि विकास कार्यालयको तथ्यांक अनुसार सो वर्ष ४ करोड ७० लाख रुपैयाँ बढीको अदुवा जिल्लाबाहिर निर्यात भएको हो ।

परम्परागत रुपमा घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुदै अदुवाको अहिले जिल्लामा व्यवसायिक खेता हुन थालेको छ । कृषकहरु व्यवसायिक बन्न थालेपछि उत्पादनमा वृद्धि भई राम्रो रकम समेत जिल्ला भित्रिन थालेको वरिष्ठ कृषि विकास अधिकृत रोहिणीराज घिमिरेले बताए ।

'किसानले व्यवसायिक अदुवा खेती थालेका छन्,' उनले भने, 'मुल्यमा गिरावट आएपनि यो वर्ष यत्तिका रकम अदुवा निकासीबाटै भित्रिएको छ ।' जिल्लाबाट एक वर्षको अवधिमा २ हजार ७ सय ६६ मेट्रिक टन अदुवा निर्यात भएको छ । यसवर्ष २ सय ६० हेक्टर जमीनमा भएको अदुवा खेतीबाट ३ हजार ९ सय ५२ मेट्रिक टन अदुवा उत्पादन भएको थियो । जुन गतवर्ष भन्दा ६ सय ६६ मेट्रिक टनले बढी पनि हो ।

अघिल्लो वर्ष ३ हजार २ सय ८६ मेट्रिक टन मात्रै उत्पादन भएको थियो । कुल उत्पादनको करिब ३० प्रतिशत अदुवामात्रै जिल्लाका बजारहरुमा खपत हुने गरेको छ । यो वर्ष १ हजार १ सय ८६ मेट्रिक टन अदुवा जिल्लाका किसान र उपभोक्ताले प्रयोग गरेका छन् । यहाँ उत्पादित अदुवा भारतीय बजारमा निर्भर छ । पटक-पटक नेपाली अदुवाको निकासी रोकिएपछि किसान मारमा पर्ने गरेका छन् ।

विगतमा ७५ रुपैयाँसम्ममा कारोबार भएको अदुवा यो वर्ष अधिकतम प्रति के.जी. २५ रुपैयाँमा मात्रै कारोबार भयो । अदुवाको प्रयोग मुस्लिम समुदायमा बढी हुने गरेको छ । यसको बोट धार्मिक कार्यमा प्रयोग हुन्छ । अदुवाबाट प्राप्त हुने तेल सुगन्धको लागि पेय पदार्थ, पाउरोटी, विस्कुट आदिमा मिलाइन्छ । औषधी निर्माणमा पनि प्रयोग गरिन्छ ।

*'अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ) र समृद्ध तेह्रथुमका लागि अभियानको सहकार्यमा रेडियो तेह्रथुमको कार्यक्रम, कृषिजन्य उत्पादनका समस्या र तिनको समाधानका लागि हाम्रो संयुक्त अभियान'*

**रेडियो कार्यक्रम : 'उन्नति संवाद'**

*हरेक हप्ताको विहीबार साँझ ७ :०० बजेदेखि र पुन: प्रशारण हरेक शनिबार विहान ८ :३० बजे ।*

**रेडियो तेह्रथुम ९२.४ मेगाहर्ज**

"संबृद्ध तेह्रथुमका लागि अभियान"

**अध्यक्ष/संरक्षक**
महेन्द्रप्रसाद काफ्ले

**सम्पादक**
लक्ष्मीनारायण मिश्र

*कम्प्युटर : प्रकाश धौलाकोटी*

सल्लाह सुझाव र प्रतिक्रियाका लागि इमेल : samridhattm@gmail.com, radioterhathum@gmail.com, lmishra745@gmail.com